# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण । आ.व. २०७७।०७८ को तेस्रो त्रैमासिक विवरण

१. **निकायको स्वरूप र प्रकृतिः** कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित 'क' वर्गको वाणिज्य बैंक ।

२. **निकायको काम, कर्तव्य र अधिकारः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** हाल कर्मचारी संख्या १७४४ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भइ रहेको छ । व्यवस्थापन समूहको नाम र पद www.nmbbanknepal.com मा हेर्न सकिनेछ ।

४ **निकायबाट प्रदान गरिने सेवाः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरू ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** यस बैंकको सेवा प्रदान गर्ने निकाय शाखा र जिम्मेवार अधिकारीहरूको विवरण बैंकको वेवसाइट www.nmbbanknepal.com मा उपलब्ध छ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेवसाइट www.nmbbanknepal.com मा प्रकाशित गरिएको छ । साथै सो जानकारी यस बैंकमा सम्पर्क गरि जुनसुकै बेला पनि प्राप्त गर्न सकिनेछ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णय, विभिन्न तहका अधिकारीहरूले गर्न सक्ने व्यवस्था/प्रक्रिया मिलाइएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णय कर्ताको रुपमा रहेको छ ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारीः**
**श्री सुदेश उपाध्याय**
**पद : प्रमुख सूचना अधिकारी तथा**
चीफ बिजनेस एण्ड स्ट्राटेजी अफिसर
एनएमबि बैंक लिमिटेड,
प्रधान कार्यालय, बबरमहल, काठमाडौं

९. **सम्पादन गरेको कामको विवरणः** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरूले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोबारहरू सम्पादन भइरहेका छन् ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पदः** ग्राहकहरूलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीहरूलाई तोकिएको छः
**प्रमुख सूचना अधिकारीः श्री सुदेश उपाध्याय**
**पद : चीफ बिजनेस एण्ड स्ट्राटेजी अफिसर**
साथै, यस बैंकका शाखा कार्यालयहरूमा सम्बन्धित शाखा प्रमुखहरूलाई सूचना अधिकारीका रूपमा कार्य गर्ने गरी तोकिएको छ ।

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः** प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू बैंकले पालना गर्नुपर्ने हुन्छ भने त्यसमध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू बैंकिङ्ग कार्यका लागि प्रमुख रूपमा रहेका छन्ः
क. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
ख. नेपाल राष्ट्र बैंक ऐन, २०५८
ग. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
घ. कम्पनी ऐन, २०६३
ङ. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
च. सम्पत्ति शुद्धिकारण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
छ. धितोपत्र सम्बन्धी ऐन, २०६३
ज. सुरक्षित कारोबार ऐन, २०६३
झ. विनियम अधिकारपत्र ऐन, २०३४
ञ. विदेशी विनियम (नियमित गर्ने) ऐन, २०१९ आदि ।
ट. उपर्युक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू तथा संसोधनहरू
ठ. नेपाल राष्ट्र बैंकको सपूर्ण निर्देशिकाहरू र परिपत्रहरू
ड. अन्य प्रचलित नेपालको कानुन
ढ. मुलुकी देवानी संघित २०७४
ण. सूचनाको हक सम्बन्धि ऐन २०६४
त. नेपाल राष्ट्र बैंकबाट स्वीकृत यस बैंकका विभिन्न नियमावलीहरू

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरणः** बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अध्यावधिक विवरणहरू राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै, त्यस्तो विवरण बैंकको वेवसाइट www.nmbbanknepal.com मा समेत उपलब्ध छ ।

१३. **तोकिए बमोजिम अन्य विवरणः**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरूमा प्रकाशन गर्नुका साथै बैंकको वेवसाइट www.nmbbanknepal.com मा समेत राख्ने गरिएको छ ।

१४. **सुचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छः**

क. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनैकार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरणः**
यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

ख. **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः**
www.nmbbanknepal.com

ग. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**
International Finance Corporation (IFC), CDC Group र Micro, Small & Medium Enterprise Bonds SA अन्तर्गत ऋण सहायता प्राप्त गरेको तथा FMO, Enterpreneurial Development Bank बाट प्राविधिक सहयोग प्राप्त गरेको छ ।

घ. **सार्वजनिक निकाएले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**
यस बैंकले बैकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आइरहेको छ तर विशेष प्रकारकको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

ङ. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**
सुचना वर्गीकरण नगरिएको र सूचनाको अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

च. **सार्वजनिक निकायमा परेका सुचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**
बैंकले सार्वजनिक गरेको तथा प्रचलित कानुन बमोजिम प्रकाशन गर्न मिल्ने सुचनाहरू माग भई आएमा सम्बन्धित निवेदकको माग बमोजिम सूचना उपलब्ध गराउने गरिएको छ ।

छ. **सार्वजनिक निकायमा सुचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**
वार्षिक विवरणहरू पुस्तकको रूपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरू त्रैमासिक रूपमा विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकाका साथै बैंकको वेबसाइटमा समेत प्रकाशन गर्ने गरिएको छ ।

मितिः २०७८।०१।०७

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH
FMO
Entrepreneurial Development Bank
The Netherlands

**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं, नेपाल**
**फोन : ९७७ १ ४२४६१६०**
**फ्याक्स : ९७७ १ ४२४६१५६**
**वेब : www.nmbbanknepal.com**